# समाचार सन्देश

वर्ष १९, अङ्क १० आई.पी.एस. लेख रचनाको सँगालो, असार १–३१, २०६७ (जुलाई १–१५, २०१०)

# भारतका द्विपीय मुलुकमा राजनीतिक समानताको खोजी

– नसीम आकबुराली

पोर्ट लुइस (आई.पी.एस./एन्.पी.आई) – "सँधै विलाप गर्नुको साटो किन तिमी आफ्नै नेतृत्वमा राजनीतिक दल खोल्दैनौ," म्याडागास्करकी महिला राजनीतिकर्मी ब्रिगिट राबेमानाचोआलाई केही मानिसले सोधे । उनले चुनौतीलाई स्वीकारिन् र २२ जना महिला सदस्य मिलेर फेब्रुअरीमा **आम्पेला मानो पोलिटिका** नाम गरेको राजनीतिक पार्टी खोलिन् । अहिले यस पार्टीमा ५,००० भन्दा बढी महिला र १० जना पुरुष सदस्य छन् ।

महिलाको राजनीतिमा प्रतिनिधित्व म्याडागास्करमा ३.७५ प्रतिशत मात्र रहेकाले महिलाको भूमिका ज्यादै नाजुक छ, रासामोलिनाले भनिन् । यस्तै अवस्था भारतीय महासँगरका द्विपीय राष्ट्रका धेरै महिलाको छ । राजनीतिमा महिलाको प्रतिनिधित्व कोमोरोसमा ३ प्रतिशत, मरिससमा १८ प्रतिशत र सेसिल्समा २३.५ प्रतिशत मात्र रहेको छ ।

राजनीतिमा महिलासम्बन्धी इन्डियन ओसन कमिसन (डब्लुआईपी) द्वारा आयोजित कार्यक्रममा रासामोलिना र ३० जना अन्य महिलाहरू राजनीतिमा पुरुष र महिलाको सहभागितामा समानताको खोजी गर्ने उपाय पहिचान गर्न मरिससमा भेला भएका हुन् ।

"म्याडागास्करका १,५५७ वटा क्षेत्रीय परिषद्मा ६७ जना र २२ जना क्षेत्रीय प्रमुखमध्ये एकजना मात्र महिला छन्," म्याडागास्करमा महिला सहभागिता सम्बन्धमा रासामोलिना भन्छिन् । सेसिल्सको अवस्था भने केही फरक छ । यस क्षेत्रका अन्य महिलाको दााजोमा सेसिल्सका महिलाहरू विभेदबाट त्यति प्रताडित हुनु नपरेको बताइन्छ । सन् २०१५ सम्ममा राजनीति र निर्णय-निर्माण तहमा ५० प्रतिशत महिलालाई सहभागी गराउने लैंगिक र विकाससम्बन्धी एसएडिसी सन्धीमा सेसिल्सले प्रतिबद्धता व्यक्त गरेको भए पनि २३.५ प्रतिशत महिलाको राजनीतिमा संलग्नता रहेको छ ।

रुढीवादी मुस्लिम समुदाय रहेको कोमोरोसको संसदमा ३३ जना पुरुष भए पनि १ जनामात्र महिला सहभागी छिन् । प्रत्येक मुलुकमा महिलाले राजनीतिमा सामना गरिरहेका चुनौती विविध किसिमका रहे पनि धेरै अवस्थामा यिनीहरूबीच समानता पनि छ ।

रासामोलिनाका अनुसार म्याडागास्करमा राजनीतिमा महिलाको प्रतिनिधित्व नहुनुमा एउटा प्रमुख अवरोध भनेकै पुरुषले मात्र शासन गर्नुपर्दछ भन्ने त्यहाँ व्याप्त स्थानीय परम्परा हो । "सहयोगको जरुरी भएको समयमा महिलालाई अग्रपंक्तिमा राखिन्छ र प्रशंसा पनि गरिन्छ । हामी बा( लबच्चा जन्माउने र तिनीहरूलाई दूध खुवाउने मेसिन मात्र होइनौं । यो हाम्रो कमजोरी होइन, यथार्थमा यो समाजका निम्ति मूल्यवान कुरा हो," रासामोलिना भन्छिन् ।

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

निर्णय निर्माण प्रक्रियामा बढी महिला आवद्ध हुन सकेमा महिलाको आवाज सुन्ने वातावरण तयार हुन्छ, उनी भन्छिन् । महिला अधिकारवादी सास्थाहरूले म्याडागास्करको नयाँ संविधानमा र ाजनीति समेत लैंगिक समानतालाई समावेश गर्न आवाज उठाइरहेका छन् ।

तर सेसिल्समा परिस्थिति भिन्न छ । पुरुषहरूले नै महिलाका निम्ति राजनीतिमा प्रवेश गराउन अवसर सिर्जना गरेका छन् र यस क्षेत्रका देशहरूमध्ये महिलाको सहभागिताको प्रतिशत (२३.५) सबैभन्दा उच्च छ ।

समाज विकास विभागकी मुख्यसचिव लिन्डा विलियम आफ्नो मुलुकमा महिला विरुद्धमा कुनै किसिमको विभेद नरहेको बताउँछिन् । महिला हुन् वा पुरुष, उनीहरू सक्षम छन् भने राजनीतिक दलहरूले उनीहरूलाई चुन्छन् । "स्पष्टै छ सेसिल्समा महिलाले राजनीतिमा भूमिका निर्वाह गर्न सक्षम भएको शिक्षाकै कारण हो । राजनीतिमा सहभागिता जनाउन महिलालाई धार्मिक वा साँस्कृतिक अवरोध छैन ।"

विलियम सेसिल्समा सन् २०१२ मा हुने चुनावमा महिलाको प्रतिनिधित्व ५० प्रतिशत पुग्ने बताउँछिन् । तर कोमोरोसमा महिलालाई राजनीतिमा मुश्किलै सहभागी गराइन्छ र उनीहरूको निर्णय-निर्माण प्रक्रियामा यथार्थमै शून्य बराबरको प्रतिनिधित्व रहेको छ ।

"कोमोराली महिलामा आत्मविश्वासको कमी छ । सार्वजनिक क्षेत्रमा काम पाएकोमा उनीहरू सन्तुष्ट छन्," लैंगिकसम्बन्धी वकिल राष्ट्रिय सञ्जाल (रेनाग) की सदस्य एचाटी चधौली बताउँछिन् । संसदमा महिलाको प्रतिनिधित्वको कमी भएकोमा उनी पुरुषहरूलाई मात्र दोष दिन चाहन्नन् । शिक्षित पुरुषले महिलालाई राजनीतिक क्षेत्रमा प्रवेश गर्नबाट बञ्चित गराउने सम्भावना नरहेको उनको दाबी छ ।

"विगतमा धार्मिक नेताहरूसँग हाम्रा केही समस्या थिए तर अब त्यो परिस्थिति छैन । महिलालाई अहिले राजनीतिमा प्रवेश गर्न पूर्णत: छुट छ र उनीहरूले माथिल्लो ओहोदा पनि दाबी गर्न सक्छन् । तर उनीहरूलाई राम्रोसँग बुझाउन नसकिएका कारण कोमोरियाली महिलाहरू मानिसको पर्खाइमा बसिरहेका हुन्छन्," चधौलीले भनिन् ।

फ्रेन्च कोलोनी ला रि-युनियनमा पुरुषले महिलालाई सहजै शक्ति बाँडफाँड गर्न चाहँदैनन्, नस्सिमाह डिन्डार बताउँछिन् । कोलोनीको सरकार प्रमुखको नेतृत्व समेत गरिरहेका डिन्डार महासभाका अध्यक्ष पनि हुन् । "क्षेत्रीय र नगरीय चुनावका निम्ति समानता सम्बन्धी कानुन भएपनि राजनीतिक दलहरूले महिलालाई माथि उठाउने सवालमा धेरै समस्या सिर्जना गरिरहेका छन्," उनी भन्छिन् ।

पुरुषले महिलाको प्रतिष्ठालाई सहजै धमिल्याउने र राजनीतिमा उनीहरूलाई अस्थिर बनाउने गरेको उनको धारणा छ । "यस्तो भाले जुधाइबाट आफ्नो प्रतिष्ठामा आँच पुग्ने भयका कारण धेरै महिलाले राजनीतिमा त्यति चाख राख्दैनन्," डिन्डारले आईपीएसलाई बताइन् ।

मौरिससमा महिलाले चुनावी टिकट प्राप्त गर्न अझै पनि कठिन छ । चुनाव अघि चुनावमा उम्मेदवार हुन चाहने व्यक्तिले दलका नेताबाट मनोनयन गरिएको हुनैपर्दछ । यसको विकल्प भनेकै चुनावमा स्वतन्त्र उम्मेदवार हुनु हो ।

सत्तारुढ दल "एलायन्स फर फ्युचर" का तर्फबाट एलिन ओडले चुनावी टिकट पाएकी छिन् तर चुनावमा उनी पराजित भइन् । पुरुषले राजनीतिक क्षेत्रमा प्रभुत्व जमाएको भए पनि महिलाले भर्खर यस क्षेत्रमा प्रवेश गर्न थालेको ओड बताउँछिन् । उनको विचारमा काँडैकाँडा भएको मार्गमा आफ्नो उपस्थिति देखाउन अझै केही समय लाग्नेछ ।

"पार्टीलाई जित्नसक्ने उम्मेदवारको जरुरी हुन्छ । नेताहरूले महिलाले जित्नसक्ने सम्भावना न्यून रहेको विचार गरी केही महिलालाई मात्र मनोनयन गर्दछन्," ओड भन्छिन् । उनी महिलाका पक्षमा दरिलो लबी नभएको दोषारोपण गर्छिन् ।

तर मौरिससमा महिलाको राजनीतिमा प्रतिनिधित्व सुधारसम्बन्धी अनुगमन गरिरहेको डब्लुआइपीका सदस्य ब्रुनो उमेड कानुनी व्यवस्था, समानुपातिक प्रतिनिधित्वको पद्धति र महिलाका निम्ति अस्थायी आरक्षण भएमा मात्र परिवर्तन हुनसक्ने बताउँछन् ।

"राजनीतिक दलहरूको विश्वासमा हामीले यसलाई छाड्यौं भने केही परिवर्तन आउँदैन," उनी भन्छन् ।

# थाइल्याण्डमा यौनशिक्षाको नौलो प्रयास

– लीनेट ली करपोरल

थाइल्याण्ड (**आई.पी.एस्./एन्.पी.आई**) – यौवन उमेरका केटाहरूले स्त्री यौनाङ्गको रङ्गीन तस्वीर हेरेर मुखामुख गर्दछन् जबकी केटीहरू रजश्वलाका बारेमा पुरुष यौनाङ्गले कुरा गरिरहेको कार्टुन हेरेर आश्चर्यमिश्रित मुद्रामा मुस्काउँछन्। किशोरीहरू प्रेम र सम्बन्धका विषयमा राखिएका डिस्प्लेमा आँखा लगाउँछन्। एउटा केटाले भने आफूले सकेसम्म जोडले एउटी कपडामा सजिएकी महिलालाई अङ्गालो हाल्छ।

थाई राजधानीभन्दा बाहिर रहेको राष्ट्रिय विज्ञान सङ्ग्रहालयमा भ्रमण गर्दा यी दृश्यहरूले स्वागत गर्दछ किनभने त्यहाँ मानव यौनिकतासम्बन्धी अन्तर्क्रियात्मक चलचित्र "द स्टोरी अफ लभ" चलिरहेको छ।

जनवरी ३० मा आरम्भ भएको र वर्षभर चल्ने यस प्रदर्शनीमा संवेदनशील यौनिकता र लैंगिक विषयमा खुला र सिर्जनात्मक ढङ्गबाट तयार पारिएको छ र यो खासगरी युवासम्म सन्देश पुऱ्याउन गरिएको हो। बाह्र वर्षकी ६ कक्षामा पढ्ने नेस्टले लजालु हुँदै प्रदर्शनले यौनका बारेमा बढी जानकारी प्रदान गर्न मद्दत गरेको बताइन्। "मलाई यो ठीकै लाग्यो किनभने यसमा यौन र प्रेमका विषयमा धेरै जानकारी छन्, र हामीले कक्षामा कु रा गर्नेभन्दा यसमा बढी छ," १५ वर्षका जेम्सले भने। ९ कक्षामा अध्ययनरत जेम्स परिवारका साथ सङ्ग्रहालय पुगेका थिए।

युनेस्को, राष्ट्रसङ्घीय महिला कोष र महिला स्वास्थ्य वकालत प्रतिष्ठान एवम् अन्य समूहसँगको साझेदारीमा गरिएको सो प्रदर्शनीले विद्यालय र परिवारमा यस्ता विषयलाई खुलारूपमा छलफल नगरिने यौनिकताका विषयमा सही जानकारी प्रदान गर्ने आशा गरिएको छ।

"यो प्रदर्शनी यौन र यौनिकताका विषयमा सबैबीच कुराकानी मात्र गर्ने अपेक्षासहित आयोजना गरिएको हो," सङ्ग्रहालयकी विज्ञान सञ्चार र अन्तर्राष्ट्रिय सम्बन्ध विभागकी निर्देशक गानिगर चेनले भनिन्। छ भागमा विभाजित यो प्रदर्शनीमा भ्रमणकर्ताले यौनसंसर्ग, गर्भपतन, लैंगिक-आधारित हिंसा र विभेदजस्ता विषयमा समेत जानकारी प्राप्त गर्नेछन्।

"मलाई यो प्रदर्शनीबाट खुशी लागेको छ किनभने यसमा प्रत्यक्ष भनाइ छन् र फोहोरी छैन," जेम्सका बुबा चार्ल्स गिट्टेलसनले बताए। उनी अन्तर्राष्ट्रिय विद्यालयमा पढाउँछन्। गिट्टेलसनकी श्रीमती एप्पललाई भने प्रदर्शनीमा यौन खेलौना राखिएकोमा र

माइलो लागेको छ । एचआइभी समेत यौन संक्रामक विभिन्न रोगका जीवाणुका नमुनाहरू पनि कम्प्युटरका मोनिटरमा प्रस्तुत गरिएको छ ।

युवाहरू आफ्ना दौंतरी र मिडियाबाट सूचनाको थुप्रोमा रूमल्लिएको अवस्थामा सहीरूपमा सिक्न र जिम्मेवारीपूर्वक कार्य गर्न मद्दत पुऱ्याउने यसको प्रमुख उद्देश्य हो, सङ्ग्रहालयका अध्यक्ष पिचाइ सोन्चाङले बताए ।

"हामीले हाम्रा केटाकेटीलाई घरमा राख्न सक्दैनौं र हामीहरू उनीहरूसँग २४ सै घण्टा सँगै बस्न पनि सक्दैनौं । त्यसैले हामीले उनीहरूलाई सुरक्षित यौन, जनसंख्या व्यवस्थापन, यौनहिंसा, यौन प्राथमिकता र सम्बन्धित विषयवस्तुका सम्बन्धमा शिक्षा दिनु आवश्यक छ," उनी भन्छन् ।

यौनशिक्षाका कक्षाहरूमा वयस्कहरूले युवालाई सदैव यौनसंसर्गका विषयहरू पन्छाएर गोप्य र रहस्यमय कुरा मात्र सिकाउँछन्, फिलिप बर्गस्ट्रोम भन्छिन् । उनी बैंककस्थित युनेस्कोको किशोरकिशोरीको प्रजनन यौनशिक्षा सम्बन्धी सल्लाहकारको रूपमा कार्यरत छिन् ।

"उनीहरूका जरुरी भनेकै उनीहरूलाई सकेसम्म उत्कृष्ट ढङ्गबाट पर्याप्त जानकारी उपलब्ध गराएर शिक्षा उपलब्ध गराउनु हो, जसबाट उनीहरूले आफ्नो निर्णय आफैं गर्न सक्छन्," बर्गस्ट्रोम भन्छन् ।

प्राय: थाई समाजका धेरैले "यो विषयमा धेरै पढाइयो भने यसले विद्यार्थीलाई यौनसंसर्ग राख्न उत्साहित गराउँछ" भन्ने विश्वास गर्दछन्, खासगरी कन्डोम र अन्य किसिमका परिवार नियोजन साधनका विषयमा कुरा गर्दा यो बढी सुनिने गरिन्छ, महिडोल विश्वविद्यालयका प्रोफेसर पिमपाउन बूनमोङकोनले बताए । उनी लैंगिक र यौनिकता विषयका विज्ञ हुन् ।

सङ्ग्रहालयका अधिकारीहरूले भने प्रदर्शनीप्रति उत्साहजनक प्रतिक्रिया प्राप्त नभएको जनाएका छन् । "सङ्ग्रहालयले यस्ता काम गर्नु ठीक होइन भनेर धेरैले टिप्पणी गरेका छन् र यो युवाका निम्ति धेरै सकारात्मक कुरा पनि होइन," पिचाइले भने । तर यो जरुरी भइसकेको विषयको केवल चर्चा हो, आयोजक र लैंगिक अधिकारकर्मीको भनाइ छ ।

यथार्थमा, अभिभावकले यौनका विषयमा आफ्ना छोरीहरूसँग कुराकानी आरम्भ गर्नु आवश्यक छ । थाई समाजमा, यस विषयमा सामान्यतया छोरालाई मात्र सिकाइन्छ र छोरीहरूलाई यस्ता कुराबाट संरक्षित गरिन्छ, पिचाइ थप्छन् ।

यद्यपि यौनशिक्षाका सम्बन्धी थाइल्याण्डको नीति सन् १९३८ मै घोषणा गरिएको थियो तर सन् १९७८ मा मात्र यसलाई विद्यालयमा पढाउन थालिएको थियो । हाल यौनशिक्षा विषय माध्यमिक विद्यालयबाट आरम्भ गरिन्छ ।

यौनशिक्षालाई विस्तृतरूपमा प्रस्तुत गर्न हालैका वर्षमा निकै प्रयत्न गरिए पनि यसले अझै ठीकसँग काम गर्न नसकेको बर्गस्ट्रोम बताउँछिन् ।

पिमपाउनले आफ्नो अनुसन्धानमा थाइल्याण्डका ४ प्रतिशत विद्यालयले मात्र बढी उदार, विद्यार्थी-केन्द्रीत र अन्तर्क्रियात्मक विधि अपनाइ आफ्ना पाठ्यक्रममा यौनशिक्षालाई समावेश गरेको उल्लेख गरेकी छिन् ।

यौनशिक्षाका सामाग्रीमाथि भइरहेका छलफलमा पनि विगतदेखिनै विवाद हुने गरेको छ । "वर्षमा जम्मा १६ घण्टा मात्र यौनशिक्षाका निम्ति छुट्याइएको छ र शिक्षक वा विद्यार्थीका निम्ति खासै प्रोत्साहन दिइएको छैन । विश्वविद्यालयका परीक्षामा यौनसम्बन्धी प्रश्न सोधिन्न," बर्गस्ट्रोम भन्छिन् ।

धेरैजसो विद्यार्थीलाई यौनका विषयमा कसलाई सोध्ने भन्ने थाहा समेत हुँदैन । "उनीहरूले शिक्षकसँग कुरा गर्न सक्दैनन् किनभने शिक्षक आफैंले पनि यो विषयप्रति त्यति रुची देखाएका हुँदैनन्," चेनले औंल्याइन् । "कुनै खास प्रजनन अङ्गको नाम लिन समेत अप्ठ्यारो मान्ने शिक्षकले यौनकार्यका सम्बन्धमा उनीहरूले के नै बढी बताउँछन् ?" प्रदर्शनी आयोजक नोप्पाराट थेप्थेपा प्रश्न गर्छिन् ।

"थाई शिक्षकहरू यौनशिक्षा पढाउने सम्बन्धमा पुरातनवादी हुन सक्लान् । यथार्थता के हो भने युवाहरू यौनका बारेमा बुझ्न उत्सुक छन्," थाइल्याण्डमा २० वर्षदेखि बस्दै आएका गिट्टेलसोनले टिप्पणी गरे ।

# रिमोटबाट मृत्युः के यो वैधानिक छ ?

– विलियम फिसर

न्यूयोर्क (**आई.पी.एस्./एन्.पी.आई**) – अमेरिकी सेनामाथि आक्रमण गर्ने अमेरिकी नागरिक र अन्यमाथि लक्षित गर्ने बाराक ओबामा प्रशासनले अपनाएको नीतिका सम्बन्धमा आफ्ना तर्कहरू प्रस्तुत गर्ने कार्यलाई निरन्तरता दिइरहँदा कानुनी र राष्ट्रिय सुरक्षाविज्ञहरू एउटा केन्द्रीय प्रश्नमा घोरिइरहेका छन् : कुनै गल्ती भयो र गलत मानिस मारियो भने के हुन्छ ?

यी नचिनिएका पनि होइनन् । यो मृत्युदण्ड हो । यथार्थमा, यो यसअघि पनि भइसकेको छ । क्यामेराको लामो लेन्सलाई रकेट ठानेर एकजना रोयटर्सका क्यामराम्यान अमेरिकी ड्रोन आक्रमणमा मारिएका थिए । यति हुँदा पनि ओबामा प्रशासनका माथिल्लो तहका प्रतिआतङ्कवादी अधिकारीले आतङ्ककारी धम्की वा हत्यामा संलग्न रहेको अवस्थामा अमेरिकी नागरिकमाथि पनि लक्षित गर्न सकिने भन्दै प्रशासनको बचाउ गरेका छन् । उनले अलकायदासँग सम्बन्ध रहेका विद्रोही अनवर अल-अकलाकीको उदाहरण दिएका छन् ।

न्यू मेक्सिकोको लास क्रुसेसमा ३९ वर्षीय अल-अकलाकीको जन्म भएको थियो । इस्लामिक प्रवचन दिँदै हिँड्ने उनीसँग अमेरिका र यमनको दोहोरो नागरिकता थियो । धार्मिक नेता र पूर्वइमाम समेत रहेका उनको इस्लामिक आतङ्कवादीसँग सम्बन्ध जोडिएको थियो । उनको प्रवचन सुन्न ९/११ का आक्रमणकारीमध्ये तीनजना उपस्थित रहेको बताइन्छ ।

राष्ट्रिय प्रतिआतङ्कवादी केन्द्रका निर्देशक मिसेल लेइटर अमेरिकी लक्षित सूचीमा अल-अकलाकी रहे नरहेको बताउन चाहँदैनन् तर एकजना बरिष्ट अमेरिकी प्रतिआतङ्कवादी अधिकारीले उनलाई अमेरिकी सरकारले जीवितै पक्राउ गर्ने वा मारिने सूचीमा राखिएको बताएका थिए ।

मानिसलाई लक्षित गर्ने र मारिने विषयमा कानुनले के भन्छ ?

बहसको अधिकाँश मुद्दा यस्ता हत्याको संवैधानिकताका सम्बन्धमा उठ्ने गरेको छ । तर, संविधान मुख्य इन्जिन भने होइन । यो विषय सामान्यतया युद्धको नियम हो जुन आजभोलि प्रयोगमा आइरहेको छ । अमेरिका युद्धमा छ भन्ने विश्वास नगर्नेका निम्ति यो कुरा हो । यस्तै धारणा राख्ने राष्ट्रिय वकिल समाजका पूर्वअध्यक्ष मारजोरी कोहन आईपीएससँग भन्छिन् : "लक्षित र राजनीतिक प्रेरित हत्या अर्थात् गैरन्यायिक हत्या सरकारकै आदेशबाट भइरहेको छ जुन कुनै पनि किसिमको न्यायिक क्षेत्रमा हुँदैन ।"

उनी राष्ट्रसङ्घका विशेष प्रतिवेदकको सन् १९९८ को प्रतिवेदन उद्धृत गर्छिन् जसले भनेको छ, "कुनै पनि अवस्थामा गैरन्यायिक हत्यालाई न्यायोचित ठहऱ्याउन सकिन्न, यो युद्धको समयमा पनि लागू हुँदैन । स्वेच्छिक हत्या जेनेभा महासन्धिको घोर उल्लङ्घन हो र अमेरिकी युद्ध अपराध ऐनबमोजिम पनि दण्डयोग्य छ ।"

"यो युद्ध होइन," उनी थप्छिन् ।

नागरिक र अन्य नागरिकको हत्याका सम्बन्धमा मानव अधिकार फर्स्ट (एचआरएफ) का डाफ्न एभिएटरले आईपीएसलाई भनिन्, "कुन नागरिकमाथि लक्ष गऱ्यो भन्नु महत्वपूर्ण कुरा होइन, किनभने उनी लडाका दुश्मन वा अमेरिका विरुद्धको सङ्घर्षमा प्रत्यक्षरूपमा सहभागी जोसुकै नागरिक भए पनि लक्षित गर्न सकिन्छ ।"

उनी भन्छिन्, "ड्रोन कार्यक्रमको समस्या भनेकै सरकारले कानुनी व्यवस्थासँग तादात्म्य राखेर यो कार्य गरिरहेको छ छैन भनी सर्वसाधारणलाई पर्याप्त जानकारी उपलब्ध नगराउँदा भएको छ । कुनै व्यक्तिको अलकायदासँग सम्बन्ध रहेको वा सहयोग गरिरहेको आशंका हुँदैमा अमेरिकासँग सङ्घर्षरत विदेशी शक्तिको सदस्य हो वा अमेरिका विरुद्धको सङ्घर्षमा प्रत्यक्षरूपमा सहभागी भएको हो भन्न सकिन्न ।"

"अमेरिकी सरकारले कसलाई लक्षित गरिरहेको छ र कुनै व्यक्तिलाई

लक्ष बनाउनुपर्ने वैधानिक आधार प्रस्तुत नगर्दासम्म अमेरिकी सरकारले गरिरहेको कार्य वैधानिक हो होइन भनेर हामी जान्न सक्दैनौं," उनले भनिन् ।

ओहियो स्टेट युनिभर्सिटीका प्रोफेसर पिटर शेन यसमा सहमती जनाउँछन्। उनी आईपीएससँग भन्छन्, "कार्यकारीले लडाकू हुन् वा होइनन् भनेर छुट्याउन विश्वासयोग्य प्रक्रियाबाट अघि नबढ्दासम्म उनीहरूका विरुद्ध बल प्रयोग गर्नेकुरा असंवैधानिक हो भन्ने मलाई लाग्दैन ।"

"वास्तवमा, कुनै खास लक्षित हत्या ठीक वा बेठीक हो भन्ने कुरा विल्कुलै भिन्न प्रश्न हो," उनी भन्छन् । संवैधानिक वकील एवम् हार्पर म्यागाजिनका सम्पादकीय सहयोगी स्कट होर्टन आईपीएससँग भन्छन्, "अमेरिकी नागरिकको गैरन्यायिक हत्यालाई सरकारले न्यायोचित ठहऱ्याउने दुईवटा उपाय छन्: पहिलो, अर्को व्यक्तिको जीवनमा त्रास उत्पन्न गर्ने वा उनीहरूलाई चोट पुऱ्याउने वा त्यसलाई रोक्ने अन्य कुनै उपाय नभएको अपराध कार्यमा संलग्न भएको । दोस्रो, युद्धको सन्दर्भमा मात्र हो ।"

"ओबामा प्रशासनले अल-अकलाकीको हकमा दोस्रो व्यवस्था लागू हुनसक्छ तर यदि उनीहरूले यसलाई प्रमाणित गर्ने पर्याप्त प्रमाण रहेको भए उनीहरू सार्वजनिक रूपमै अगाडि बढ्नुपर्थ्यो," उनी भन्छन् ।

यदि त्यस्तो प्रमाण रहेको भए, उनी भन्छन्, "उनीहरूले किन तिनलाई पक्राउ गरेका छैनौं र तिनले गरेका अपराधमा आधारित भएर अभियोग दर्ता गरेका छैनौं भनेर स्पष्ट गर्न चाहेका छैनन्, जसबाट उनीमाथि आतङ्कवादी क्रियाकलाप र सायद देशद्रोहको सजाय समावेश हुनसक्छ ।"

"उनीहरूले निश्चितैरूपमा जवाफ दिन आवश्यक छ, अल-अकालाकीको हत्यासहित ठूलो संख्याका निर्दोस नागरिकको ज्यान लिनसक्ने बम खसाल्नुअघि किन त्यो प्रक्रियाले काम गर्न सक्दैन," होर्टोनले भने । रक्षामन्त्रालयका आतङ्कवाद विषयका पूर्वप्रमुख अभियोजनकर्ता कर्णेल मोरिस डेभिसले पक्राउ परेका व्यक्तिका तर्फबाट बहस गर्दै सैनिक न्यायिक पद्धतिलाई राजनीतिले भ्रष्ट बनाएको र पेन्टागनका बरिष्ठ अधिकारीले गलतरूपमा प्रभाव पारेको बताए ।

उनले आईपीएससँग भने, "संविधानको पाँचौं संशोधनले अमेरिकी नागरिकको कानुनी प्रक्रिया बेगर जीवन, स्वतन्त्रता, वा सम्पत्ति अनतिक्रम्य हुने भनेको छ । यदि तपाईंलाई सुनुवाई र प्रतिवाद गर्न पाउने मौका नदिइ सरकारले तपाईंको घर कब्जा गर्न खोजेमा संविधानले त्यस कार्यमाथि प्रतिबन्ध नै लगाउन पाउने व्यवस्था गरेको छ भने तपाईंको जीवन कुनै कानुनी उपचार बेगर नै समाप्त गर्छु भन्नु हास्यास्पद हो ।"

इलिनोइस विश्वविद्यालयका प्रोफेसर फ्रान्सिस बोयल सरकारले अपनाएको लक्षित कार्यक्रमप्रति गम्भीर असहमति रहेको जनाउँछन् । उनी आईपीएससँग भन्छन्, "अल-अकलाकी र अन्य अमेरिकी नागरिकका सम्बन्धमा केन्द्रीय जाँच ब्युरो (सिआइए) ले सार्वजनिक रूपमै स्वीकार गरेको कुरा के भने प्रस्तावित व्यक्तिहरू हत्या, राजनीतिक प्रेरित हत्या, गैरन्यायिक हत्यामा संलग्न रहेको र यो कार्य बाँच्न पाउने र मानव अधिकार कानुनको गम्भीर उल्लङ्घन तथा संयुक्त राज्य अमेरिकाको संविधानको पाँचौं संशोधनको विपरीत हो ।"

संवैधानिक वकील एवम् सालोन डट कममा लेखक ग्लेन ग्रीनवाल्ड पनि लक्षित नीतिप्रति चिन्तित छन् । उनी प्रश्न गर्छन् : "व्यक्तिलाई खासरूपमा आतङ्कवादी भनेर दोषारोपण गर्ने र विशेष आदेशमार्फत् कुनै किसिमको सुनुवाई वा न्यायिक पुनरावलोकन नगरी मृत्युदण्ड दिने, र कार्यकारीको भनाइमा जाँच नगरी बिनाआधार गर्न मिल्छ ? अपमानजनक र त्रुटीपूर्ण रेकर्डको यस्तो कार्यको सत्यताको आधार सार्वजनिक गर्नु आवश्यक छ ।"

ग्रीनवाल्ड भन्छन्, "हामीले यस्ता राष्ट्रपतिको विषयमा कुरा गरिरहेका छौं जसले अमेरिकी नागरिककै हत्या गर्ने अधिकार सिआइएलाई सुम्पेका छन् र त्यो पनि गलत कार्य गरेको आरोप र आशङ्कामा ।"

रोनाल्ड रेगन प्रशासनका अवधिमा न्याय विभागमा रहेर काम गरिसकेका अनुदारवादी कानुनविज्ञ ब्रुस फेन अर्को विचार सुझाउँछन्। उनी आईपीएससँग भन्छन्, "कङ्ग्रेसले एफआइएसएलाई मद्दत पुऱ्याउने गरी अर्को कानुन कार्यान्वयनमा ल्याउन सक्छ। राष्ट्रपतिले अमेरिकी नागरिकको हत्यामा सक्रियरूपमा भाग लिइरहेका शंकास्पद व्यक्तिका सम्बन्धमा न्यायिक प्रत्याभूति प्राप्त गर्न आवश्यक छ ।"

"अमेरिकामै सुनुवाई गर्नेगरी शंकास्पद अमेरिकीलाई पक्राउ गर्न राष्ट्रपतिलाई अख्तियारी दिनुपर्दछ अथवा पक्राउ गर्न असम्भव भएको वा मृत्युको गम्भीर जोखिम बढेको वा अमेरिकी निकायमाथि गम्भीर चोट पुऱ्याउने कार्य गरेको अवस्थामा लक्षित हत्या हुनसक्छ," उनी भन्छन् ।

# पाकिस्तानमा फुटबल बनाउने उद्योग सङ्कटग्रस्त

– जोफिन इब्राहिम

कराँची (**आई.पी.एस्. ⁄ एन्.पी.आई**) – बेलायती राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक फाबियो कापेल्लोले जेबुलानी विश्वकप बल (भकुण्डो) को वेरीतको उडानका कारण प्रतियोगिताको इतिहासमै सबैभन्दा “खराब बल” को सज्ञा दिँदै निराशा प्रकट गरेका छन्। श्रम अधिकारकर्मी समूहहरूले बलको विषयमा अझ बढी गुनासो गरेका छन् ।

फुटबल उत्पादन गर्ने कामदारको जीवनमा भने झिनो सुधार आएको थियो, श्रम अधिकार समूहहरूले भनेका छन् । उनीहरूले बल उत्पादन गर्ने कारखाना, सिलाउने केन्द्र र घरमा दिनरात मेहनत गर्नेहरूले नाफाको केही अंशमात्र पाएको भन्दै निन्दा गरेका छन् ।

सन् १९९० सम्म फुटबल उत्पादनमा विश्व बजारको झण्डै ८५ प्रतिशत हिस्सा पाकिस्तानले ओगटेको थियो । हरेक वर्ष झण्डै ६ करोड फुटबल उत्पादन गर्न यस व्यवसायमा ८५,००० ले रोजगारी पाउँदै आएका छन् जुन २१ करोड अमेरिकी डलरको व्यापार हो, अंग्रेजीभाषी पत्रिका “एक्सप्रेस डेली” को समाचारमा उल्लेख छ ।

दक्षिण एसियाली राष्ट्र पाकिस्तानले हालका वर्षहरूमा बलको उत्पादनमा विश्व बजारको ३० देखि ४० प्रतिशतको हाराहारीमा मात्र काम पाउन थालेको छ ।

जर्मनीमा सम्पन्न पछिल्लो फिफा विश्वकपका निम्ति पाकिस्तान छनौट हुन नसके पनि यसले आफ्नो उपस्थिति हरेक खेलमा जनाएको थियो । फिफा विश्वकप २००६ मा प्रयोग गरिएका बलहरू खेलसामाग्री र चिकित्सा उपकरण उत्पादनका निम्ति चिरपरिचित पञ्जाब प्रान्तको उत्तर-पूर्वी सहर सियालकोटमा हातैले सिलाइएका थिए ।

तर दक्षिण अफ्रिकामा सम्पन्न सन् २०१० को विश्वकपमा एडिडासले आधिकारिक फुटबलको रूपमा चीनमा मेसिनको सहायताले निर्माण गरिएको “जेबुलानी फुटबल” प्रयोग गर्ने निर्णय गरेको थियो। महिला अधिकारको संरक्षणमा क्रियाशील गैरसरकारी संस्था बेडारीका कार्यकारी निर्देशक अर्सिद महमुद मिर्जा १५ वर्षदेखि फुटबल व्यापारमा संलग्न श्रमिकको अधिकारका निम्ति कार्यरत छन् । “पाकिस्तानी फुटबल उद्योगले प्रविधिगत प्रगतिसँग आफ्नो पाइला चाल्न नसक्नु दुःखद हो,” उनी दुःख व्यक्त गर्दछन् ।

तर, पाकिस्तानी फुटबल उद्योग ध्वस्त हुनुमा प्रमुख पक्ष बालश्रमको अत्यधिक प्रयोग रहेको बताइन्छ। सन् १९९६ मा “लाइफ” पत्रिकामा पाकिस्तानी बालबालिकाले प्रतिघण्टा ६ सेन्टका दरले फुटबल सिलाउने गरेको समाचार प्रकाशित गरेको थियो ।

अन्तर्राष्ट्रिय श्रम संगठन र पञ्जाब श्रम विभागद्वारा गरिएको मूल्याङ्कनमा फुटबल उत्पादन प्रक्रियामा झण्डै ७,००० बालबालिका संलग्न रहेको तथ्य सार्वजनिक गरिएको थियो, मिर्जाले बताए । यस घटनाबाट मर्माहत पाकिस्तान सरकारले अन्य खेलसम्बद्ध व्यवसायीको पहलमा यस उद्योगबाट बालश्रम समाप्त पार्ने अभियान सञ्चालन गरेको थियो । सन् १९९७ मा अन्तर्राष्ट्रिय श्रम संगठन, सियालकोट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री तथा राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)

बीच एउटा सम्झौता गरियो जसले यस उद्योगबाट बालबालिकालाई हटाउने सहमति गरेको थियो ।

“घरमै काम गर्ने कामदार बालबालिका सम्बन्धमा भने अनुगमन गर्न सकिने अवस्था छैन, त्यसैले सन् १९९८ मा सरकारले उद्योगीसँगको सहयोगमा घरमा हुने कामलाई निरुत्साहित गर्नेगरी फुटबल सिलाउने केन्द्रहरू स्थापना गरिएका थिए,” सियालकोट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका पूर्वअध्यक्ष एवम् क्यापिटल गुड्स इन्डस्ट्रीका प्रमुख कार्यकारी ख्वाजा जकाउद्दीन सम्झन्छन् । आजका मितिसम्म झण्डै १३० वटा ठूला उद्योगले यस कार्यक्रममा सहभागी भइसकेका छन् ।

फुटबल सिलाउने काममा बालबालिकाको प्रयोगमा प्रस्टैरूपमा गिरावट आएको भए पनि वासिङ्टनस्थित अन्तर्राष्ट्रिय श्रम अधिकार मञ्च (आइआर एलएफ) ले बालश्रम अझै बाँकी रहेको र यो कार्य घरघरमा बालश्रमिकका माध्यमबाट हुने गरेको दाबी गरेको छ ।

यसवर्षको फिफा विश्वकप अघि प्रकाशित गरिएको प्रतिवेदनमा आइआरएलएफले नयाँ अनुसन्धान सार्वजनिक गर्दै एउटा बल सिलाएबापत् कामदारले एकदेखि दुई अमेरिकी डलरमात्र पाउने गरेको औंल्याएको छ । प्रत्येक बलको खुद्रामूल्य एकसय वा सोभन्दा बढी अमेरिकी डलर पर्दछ ।

पाकिस्तानका सातवटा आपूर्ति केन्द्रमा कार्यरत २१८ जना कमदारसँग लिइएको अन्तर्वार्तामा आइआरएलएफले ७० प्रतिशतले आफूहरू अस्थायी श्रमिक रहेको र “अधिकाँशले कानुनले तोकेको न्युनतम ज्यालाभन्दा कम पाएको” गुनासो गरेको जनाएको छ । यस अध्ययनले लैंगिक आधारित विभेद समेत हुने गरेको दाबी गरेको छ किनभने घरमा काम लगाइने महिलाले ज्यादै न्यून ज्याला पाइरहेका छन् ।

पाँच सन्तानकी आमा चालीस वर्षीया जोसेफाइन फ्रान्सिस घरमा कामगर्ने कामदार हुन् जसले विगत १० वर्षदेखि बल सिलाउने काम गर्दै आएकी छिन् तर उनले आफ्नो रोजगारीका निम्ति कुनै पनि करारमा सही गरेकी छैनन् । उनलाई आफ्ना रोजगारदाता को हुन्, उत्पादित सामान कहाँ बिक्री हुन्छ, र कति मूल्यमा बिक्री हुन्छ भन्ने समेत थाहा छैन ।

“मलाई थाहा भएको कुरा भनेकै एउटा बल सिलाएबापत मैले ३५ रूपैया (४० सेन्ट) पाउँछु । मैले सुनेअनुसार एउटा बल ३०० देखि ६०० रूपैया (३.५ देखि ७ अमेरिकी डलर) मा बजारमा बिक्री हुने गरेको छ,” सियालकोटबाट टेलिफोनमा उनले आईपीएसलाई बताइन् । “केही महिना अघिसम्म एउटा बल सिलाएबापत मैले २५ रूपैया (२९ सेन्ट) पाउँदै थिएँ र यही दर वर्षौंसम्म कायम थियो ।”

फ्रान्सिसले घरयासी काम सकेर एक दिनमा चारवटासम्म बल सिलाउन सक्छिन् । तस्लिम बिबीको वेदनामा कुनै भिन्नता छैन ।

फ्रान्सिसजस्तै उनले प्रतिबलको ३० रूपैया (३५ सेन्ट) कमाउँछिन् । “दरमा फरक छ,” बिबीले भनिन् । उनी आफ्ना निम्ति काम ल्याउने बिचौलियालाई केही भन्ने साहस गर्दिनन् । “हामीले धेरै गुनासो गरेमा ऊ जहाँ पनि जानसक्छ । हामीभन्दा सस्तो दरमा काम गर्नेहरू पनि धेरै छन्,” उनले बताइन् ।

तर केहीले आइआरएलएफको प्रतिवेदनप्रति प्रश्न गरेका छन् । अवान स्पोर्टिङ गुड्स इन्डस्ट्रीका निर्देशक घजानफार अली अवानले उनका ४५० वा सो बराबरका कामदारलाई मासिक न्यूनतम ६,००० रूपैया (७० अमेरिकी डलर) भुक्तान गर्दै आएको बताए । ती कामदारले ओभरटाइम, सामाजिक सुरक्षा, वृद्धभत्ता र स्वास्थ्यजस्ता सुविधा पनि प्राप्त गर्दछन् । बालबालिकाले श्रम गरिरहेको भन्ने केही मुद्दाहरू नियमन नगरिएका र साना उद्योगमा हुनसक्छन् जसलाई आइएलओले पनि समाप्त गर्न सक्दैन, अवानले भने ।

सबै कामदारका निम्ति “न्यायोचित ज्याला, अधिकार र सुविधाका निम्ति दरिलो लेखा र अनुगमन प्रणाली स्थापित हुनुपर्दछ,” मिर्जाले बताए । बालश्रम समाप्ती र अस्थायी श्रमशक्तिलाई नियमनका साथै पाकिस्तानको फुटबल बनाउने उद्योगलाई नयाँ प्रविधिबाट सुसज्जित गर्न सकेमा आगामी विश्वकपमा प्रभाव कायम राख्न सक्दछ ।

सरकारी लगानीको खेल उद्योग विकास केन्द्र चाँडै खुल्ने क्रममा छ, ख्वाजा भन्छन् । “यो सन् २०११ मा स्थापना हुनासाथ हामीले आठ घण्टाको अवधिमा ३,००० भन्दा बढी फुटबल, भलिबल र बास्केटबल उत्पादन गर्न सक्नेछौं,” उनले भने ।

# लाइबेरियाली महिला आफ्नो भूमिका बढाउँदै

– तामासिन फोर्ड

मोनरोभिया (आई.पी.एस्./एन्.पी.आई) – भिभियान होवार्ड एकल महिला हुन् । लाइबेरियाका अन्य महिलाझैं उनी खाना पकाउने र लुगाफाटो सफा गर्छिन् तर उनले २२ जना बलिष्ट, सक्रिय पुरुषहरूको इन्चार्जको रूपमा पनि काम गर्नुपर्ने हुन्छ। लाइबेरियाकी पहिलो र एकमात्र महिला निर्णायक (रेफ्री) रहेको हैसियतमा फिफाको ब्याज लगाएकी होवार्ड लाइबेरियाका पुरुषसँगै काँधमा काँध राखेर खडा हुन्छिन् ।

खासगरी अन्तर्राष्ट्रिय समुदायमा एउटा धारणा छ कि अफ्रिकाको पहिलो निर्वाचित महिला राष्ट्रपतिले नेतृत्व गरेको मुलुकमा महिलाले जीवनका हरपक्षमा अग्रणी स्थान प्राप्त गरेका छन् । यो सत्य हो एलेन जोनसन-सरलिफको सरकारमा यसअघिको तुलनामा बढी संख्यामा महिलाहरू मन्त्री बनाइएका छन् । यस्तो अवस्था रहेपनि महिलाको अधिकारलाई सुरक्षा गर्न र प्रवर्द्धन गर्न नयाँ कानुन पारित भएको छ र केही महिलाले आफ्नो जीवनकालमा अनुभव नगरेको मौका समेत प्राप्त गरेका छन् ।

तर, यहाँका महिलाहरू अझै पनि समाजको तल्लो खुड्किलोमै छन् । शिक्षा, स्वास्थ्य र न्यायको पहुँचका दृष्टिबाट उनीहरू समुदायका सबैभन्दा जोखिमपूर्ण सदस्यहरू हुन् ।

भिभियान होवार्डलाई मोनरोभियाको एन्टोनेटा टबम्यान रंगशालामा विदेशमा रहेका लाइबेरियाका राम्रा खेलाडी सम्मिलित मैत्रीपूर्ण खेलको निर्णायक हुने अवसर प्राप्त भएको थियो र यो साँच्चिकै प्रभावशाली थियो । "मैदानमा मलाई निर्णायक हुन पाउँदा ज्यादै खुशी लाग्छ," होवार्डले भनिन् । "म महिला भए पनि आफूलाई पुरुषझैं सक्षम रहेको सोच्दछु । तर त्यहाँ चुनौती छ : तर पुरुषले जे गर्नसक्छन्, त्यो म पनि गर्नसक्छु । त्यसर्थ, म अन्य महिला निर्णायकलाई मैले सकेजति प्रोत्साहित गर्न पनि मैदानमा पुगेकी हुन्छु ।"

पुरुषले जे गर्न सक्छन् महिलाले पनि सक्छन् - यो लाइबेरियामा ज्यादै सुनिने कुरा हो । १४ वर्षको गृहयुद्धपछि लाइबेरियालीले जोनसन-सरलिफलाई मतदान गरे र सबै महिलाले आफूलाई अगाडि लैजान प्रयत्न गरेका छन् ।

मोनरोभियाको एन्टोनेटा टबम्यान रंगशालाबाट होवार्ड ४० मिनेटको मोटरयात्रामा पुग्न सकिने स्थानमा बस्छिन् । धुलौटे बाटो पार गरेर पुगिने उनको गाउँमा सिमेन्टले बनाइएको उनको सानो घर छ र यसलाई ठूलो आँपको रुखको छायाँले ढाकेको हुन्छ ।

एकल आमाको रूपमा उनको जीवन त्यति सहज भने छैन । उनले आफ्नै छोरी ब्लेसिङका बुबाबाट कुनै सहयोग पाएकी छैनन्, उनले निर्णायकको रूपमा काम गरेबापत प्राप्त हुने आयमा निर्भर रहनु परेको छ । लाइबेरियाली फुटबल सङ्घले उनलाई प्रतिमहिना करिब ९० अमेरिकी डलर दिने गरेको छ ।

"लाइबेरियामा हामी यो कामलाई हातमुख जोर्नका लागि मात्र हो भन्छौं," उनी भन्छिन्, "किनभने यो रकमले हामी खाद्यान्न किन्छौं र परिवारको हेरचाह पनि यसैबाट गर्नुपर्छ ।"

होवार्ड विभिन्न लिगमा नाम कमाइसकेका फुटबल खेलाडी सम्मिलित खेलमा समेत कुनै प्रकारको बाधा उत्पन्न नहोस् भन्नेमा सचेत छिन्। १४ वर्षसम्मको गृहयुद्धमा होमिएको लाइबेरियाका धेरैजसो खेलाडी मुश्किलले आफ्ना घर गएका छन् ।

बेलायती प्रिमियर लिगको बोल्टन वान्डररबाट फुटबल खेल्ने डेभिड जेमी १३ वर्षको उमेरमा क्लबसँगको अनुबन्धमा हस्ताक्षर गरेपछि दुईपटक मात्र घर आएका छन् । "यो चिन्ताजनक हो, मैले युद्ध अझै उस्तै डरलाग्दो होला भन्ने सम्झेको थिएँ । तर अहिले यहाँको अवस्था सामान्य भएको छ, यहाँ म्यान्चेस्टरमा बसेझैं अनुभव भएको छ ।"

लाइबेरियालीहरू आफ्ना आँखै अघिल्तिर उत्कृष्ट खेलाडीलाई देखेर प्रसन्न छन् । निम्बा काउन्टीमा रहेको सहर येकेपाका फुटबल खेलाडी जेमी प्रमुख व्यक्ति भएका छन्। "मैले सुत्नसम्म सकेको छैन किनभने मलाई भेट्नकै निम्ति मानिसहरू मेरो घर वरीपरी सुतेका हुन्छन् । यो त आश्चर्यलाग्दो छ । बेलायतमा नभएको कुरा यहाँ हुन्छ ।"

लाइबेरियाका चर्चित खेलाडीमध्ये हाल अवकाश लिएका जर्ज ओए हुन् जो सम्भवत सन् १९९० को दशकका अफ्रिकाकै असाधारण खेलाडी थिए । उनले आफ्रिकी वर्ष खेलाडीको पुरस्कार तीनपटक जित्नुका साथै सन् १९९५ मा फिफाको विश्व वर्ष खेलाडीबाट सम्मानित भएका थिए ।

लोन स्टारको नामबाट परिचित राष्ट्रिय टोली त्यसयता त्यही उचाइमा पुग्न सकेको छैन तर हङ्गेरीका पूर्वप्रशिक्षक बर्टालान बक्सकीलाई राष्ट्रिय प्रशिक्षकमा नियुक्त गरिएपछि आशाको किरण छाएको छ ।

दक्षिण अफ्रिकाको प्रिमियर लिग च्याम्पियन सुपरस्पोर्ट युनाइटेडका अग्रपंक्तिका खेलाडी एन्थोनी लाफोर विश्व फुटबलमा लाइबेरियालाई पुन:स्थापित गराउने समय आइसकेको बताउँछन् । "समर्थकहरूले यस मुलुकमा साँच्चिकै केही हुने अपेक्षा गरिरहेका छन्। जर्ज ओए र अन्य साथीहरूले खेल्न छाडेपछि हामीमाथि समर्थकहरूले केही नगरेको गुनासो गरिरहेका छन् । अब हामीहरूले उनीहरूलाई केही दिनुपर्ने समय आएको मलाई लाग्दछ । उनीहरू घामपानी केही नभनी मैदानमा आइरहेका हुन्छन् र मेरो विचारमा सन् २०१२ को अफ्रिकी कप अफ नेसन्सका निम्ति हामी छनौट हुन सक्नुपर्दछ ।"

भिभियान होवार्डजस्ता महिला निर्णायकलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त भए पनि उनीहरूको सुविधा वृद्धि गर्नुपर्ने र महिला फुटबल खेललाई समेत अगाडि बढाउनु आवश्यक छ । पुरुष टोलीलाई मात्र बढी ध्यान दिनु उपयुक्त नहुने भिभियानको धारणा छ ।

"म अन्य महिला निर्णायकलाई पनि आग्रह गर्दछु कि मैले जे गरिरहेकी छु त्यो उनीहरूले पनि गर्न सक्छन् । केहीले मैले गरेकोभन्दा राम्रो पनि गर्न सक्छन्, त्यसर्थ म उनीहरूलाई खेलमा आउन आग्रह गर्दछु किनभने यहाँ भिभियान मात्र छैन, म यहाँ लाइबेरियाको रूपमा छु ।"

नेपाल प्रेस इन्स्टिच्यूटद्वारा प्रकाशित/सम्पादकः चिरञ्जीवी खनाल/ठेगानाः हुलाक मञ्जूषाः ४१२८, थापाथली, काठमाडौं,
फोन नं. ४-२६४१५५, ४-२६६४१८ फ्याक्स नं. २६४१५४, ई-मेलः npiktm@wlink.com.np

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली-७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल
फोन नं. ४-२६४१५५, ४-२६६४१८
फ्याक्स नं. २६४१५४

लाई : ____________________